# आकाशवाणी समाचार- नेपाली

मितिः २७ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- गुजरातको चार दिने भ्रमणमा रहनु भएको राष्ट्रपति द्रौपदी मुर्मुले, आज बिहान सरदार वल्लभभाइ पटेललाई पुष्पहार अर्पण गर्न प्रतिष्ठित स्ट्याच्यू अफ युनिटीको भ्रमण गर्नु हुनेछ।

- उत्तर प्रदेशको प्रयागराजमा भएको महाकुम्भ मेला हिजो महाशिवरात्रि स्नानसँगै समाप्त भयो।

- केन्द्रीय बन्दरगाह, पोत परिवहन तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आज मुम्बईमा उच्चस्तरीय उद्योग परामर्शको अध्यक्षता गर्नुहुनेछ।

- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मार्च १३ देखि १६ सम्म बंगलादेशको भ्रमण गर्नुहुने भएको छ।

- क्रिकेटमा आईसीसी च्याम्पियन्स ट्रफी अन्तर्गत हिज लाहोरको गद्दाफी रंगशालामा भएको महत्वपूर्ण खेलमा अफगानिस्तानले इङ्ल्यान्डलाई ८ रनले पराजित गरेको छ।

**<u>रास्ट्रपति - गुजरात</u>**

गुजरातको चार दिने भ्रमणमा रहनु भएको राष्ट्रपति द्रौपदी मुर्मुले, आज बिहान सरदार वल्लभभाइ पटेललाई पुष्पहार अर्पण गर्न प्रतिष्ठित स्ट्याच्यू अफ युनिटीको भ्रमण गर्नु हुनेछ। राष्ट्रपतिले स्मारकका प्रमुख स्थलहरूका साथै एकता नगर परिसरको भ्रमण गर्नुहुनेछ। गुजरात भ्रमणको क्रममा राष्ट्रपतिले अहमदाबाद र गान्धीनगरमा हुने दुई दीक्षान्त समारोहमा भाग लिने र कच्छ जिल्लाका प्रतिष्ठित स्थलहरूको भ्रमण गर्ने कार्यक्रम पनि छ।एकता नगरबाट राष्ट्रपति अहमदाबाद जानुहुनेछ जहाँ उहाँले राष्ट्रिय डिजाइन संस्थानको ४४ औं दीक्षान्त समारोहमा भाग लिनु हुनेछ। राष्ट्रपतिले उत्तीर्ण विद्यार्थीहरूलाई पनि सम्बोधन गर्नुहुनेछ। दीक्षान्त समारोहमा, लगभग ४३० विद्यार्थीहरूले विभिन्न डिजाइन विषयहरूमा डिग्री प्राप्त गर्नेछन्। राष्ट्रपतिले भोलि गान्धीनगरमा राष्ट्रिय न्यायिक विज्ञान विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। भोलि नै राष्ट्रपतिले भुजमा रहेको स्मृतिवन भूकम्प स्मारकको भ्रमण गर्नुहुनेछ। भ्रमणको चौथो दिन मार्च १ मा राष्ट्रपतिले युनेस्को विश्व सम्पदा स्थल - धोलावीराको भ्रमण गर्नुहुनेछ।

****** ० ******

**<u>महाकुम्भ - फाइनल</u>**

उत्तर प्रदेशको प्रयागराजमा भएको महाकुम्भ मेला हिजो महाशिवरात्रि स्नानसँगै समाप्त भयो। यस ४५ दिने आध्यात्मिक महाकुम्भमा ६६ करोडभन्दा बढी भक्तजनहरूले स्नान गरे। राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक, विदेशी प्रतिनिधिहरू, विभिन्न राज्यका राज्यपालहरू र मुख्यमन्त्रीहरू र धेरै केन्द्रीय मन्त्रीहरू लगायत प्रतिष्ठित व्यक्तित्वहरूले महाकुम्भमा पवित्र स्नान गरे। महाकुम्भ मेला क्षेत्रमा भारतीय वायुसेनाको हवाई प्रदर्शनी र उत्तर प्रदेश सरकारद्वारा गुलाबको पंखुडीको वर्षाले भक्तजनहरूलाई दिव्य अनुभव प्रदान गर्‍यो। यस अवधिमा ट्राफिक नियमहरू पनि कडाइका साथ पालना गरियो। यस अवसरमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि भक्त, सन्त र कल्पवासीहरूलाई शुभकामना दिनु भयो। उहाँले

भन्नुभयो, संगममा पवित्र स्नान गरेर भक्तजनहरूले सम्पूर्ण विश्वलाई राष्ट्रिय एकता र राष्ट्रवादप्रति समर्पणको सन्देश दिएका छन्।यो महाकुम्भ आध्यात्मिकता र मानव भेलाको सबैभन्दा ठूलो भेला मध्ये एक थियो।

****** ० ******

**EU अध्यक्ष - भारत**

युरोपेली आयोगका अध्यक्ष उर्सुला वॉन डेर लेयन आजदेखि भारतको दुई दिने भ्रमणमा आउँदै हुनुहुन्छ। यो श्रीमती लेयनको तेस्रो भारत भ्रमण हुनेछ। उहाँले आज साँझ विदेशमन्त्री डा. एस. जयशंकरलाई भेट गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि युरोपेली आयोगका अध्यक्षसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ।भारत र युरोप सन् २००४ देखि रणनीतिक साझेदार रहेका छन् र विभिन्न क्षेत्रहरूमा उनीहरूको द्विपक्षीय सम्बन्ध व्यापक र गहिरो भएको छ। उर्सुला वॉन डेर लेयन र ईयू कलेज अफ कमिश्नर्सको भ्रमणले द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्ने मार्ग प्रशस्त गर्नेछ।

****** ० ******

**मुम्बई-सोनोवाल**

केन्द्रीय बन्दरगाह, पोत परिवहन तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले आज मुम्बईमा उच्चस्तरीय उद्योग परामर्शको अध्यक्षता गर्नुहुनेछ। यस कार्यक्रमले उद्योगका नेताहरू, सरकारी अधिकारीहरू र सरोकारवालाहरूलाई एकसाथ ल्याउनेछ जसले संघीय बजेट २०२५ बाट प्रमुख समुद्री क्षेत्र घोषणाहरू र भारतको समुद्री विकासमा तिनीहरूको प्रभावको बारेमा छलफल गर्नेछ। बैठकमा बन्दरगाह, पोत परिवहन तथा जलमार्ग मन्त्रालयका वरिष्ठ अधिकारीहरू, सबै मातहतका संस्थाहरू, प्रमुख समुद्री देशहरूका महावाणिज्य दूतावासहरू, समुद्री संघहरू र प्रमुख समुद्री उद्योगका नेताहरू उपस्थित हुनेछन्। जसले समुद्री पूर्वाधारको आधुनिकीकरण, परिचालन दक्षता सुधार र क्षेत्रमा स्थिरता प्रवर्द्धन गर्ने बारेमा छलफल गर्नेछन्। यस कार्यक्रममा बजेट-२०२५ मा रणनीतिक संवाद र यस क्षेत्रमा दीर्घकालीन लगानीलाई सहयोग गर्ने उद्देश्यले २५,००० करोड रुपैयाँको समुद्री विकास कोष स्थापना गर्ने कार्यक्रम समावेश हुनेछ। केन्द्रीय मन्त्रीले भारतको विश्वव्यापी समुद्री नेतृत्वलाई सुदृढ पार्ने उद्देश्यले दुई महत्त्वपूर्ण कार्यक्रमहरूको मिति घोषणा गर्नेछन्। केन्द्रीय मन्त्रीले विश्वव्यापी समुद्री नेताको रूपमा भारतको स्थितिलाई अझ सुदृढ पार्ने उद्देश्यले गरिएका पहलहरूको पनि घोषणा गर्नेछन्।

****** ० ******

**गुटेरेस-बंगलादेश भ्रमण**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मार्च १३ देखि १६ सम्म बंगलादेशको भ्रमण गर्नुहुने भएको छ। यो भ्रमण बंगलादेशको अन्तरिम सरकारका प्रमुख डा. मुहम्मद युनुसको निमन्त्रणामा हुन लागेको हो। बंगलादेश संघाबाद संगठनको रिपोर्ट अनुसार महासचिवले संयुक्त राष्ट्र संघले जबरजस्ती विस्थापित रोहिंग्याहरूको आश्रयको रूपमा बंगलादेशलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई निरन्तर संलग्न गराउने छ। हिजो प्राध्यापक युनुसलाई लेखेको पत्रमा गुटेरेसले बंगलादेश र यस क्षेत्रको बाँकी भागमा रोहिंग्या संकटको प्रभाव, साथै म्यानमारको राखाइनमा बिग्रँदै गएको मानवीय अवस्थाको बारेमा बंगलादेशका प्रमुख सल्लाहकारको चिन्ता साझा गरेका थिए।उहाँले म्यानमारको संकटको राजनीतिक समाधानका लागि क्षेत्रीय पक्ष, दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ र अन्य सरोकारवालाहरूसँग नजिकबाट काम गर्न जारी राख्ने बताउनु भयो, जसमा रोहिंग्याहरूको सुरक्षित र स्वैच्छिक पुनर्बासका लागि अनुकूल अवस्था सिर्जना गर्नु समावेस रहेको छ|

****** ० ******

**दिल्ली विधानसभा**

दिल्ली विधानसभामा आज उपाध्यक्ष पदको लागि चुनाव हुँदैछ। विधानसभाको कार्यसूची अनुसार, मुख्यमन्त्री रेखा गुप्ताले भारतीय जनता पार्टीका विधायक मोहन सिंह बिष्टलाई उपाध्यक्ष बनाउने प्रस्ताव प्रस्तुत गर्नेछिन्। श्री बिष्ट मुस्तफाबाद विधानसभा क्षेत्रका विधायक हुन्। यसबाहेक, अघिल्लो सरकारको मदिरा नीतिसँग सम्बन्धित CAG रिपोर्ट माथि पनि चर्चा जारी रहने छ। मंगलबार सदनमा क्याग प्रतिवेदन प्रस्तुत गरिएको थियो।

****** ० ******

**केरला-स्टील समारोह**

केरलाको कोचीन शिपयार्ड लिमिटेडले बेलायतको नर्थ स्टार शिपिंग लिमिटेडको लागि अत्याधुनिक हाइब्रिड सेवा सञ्चालन जहाज - SOV को लागि स्टील कटिंग समारोहको साथ एक महत्त्वपूर्ण कोसेढुङ्गा हासिल गरेको छ। यो SOV कोचीन शिपयार्डले नर्थ स्टार शिपिंगको लागि निर्माण गरिरहेको दुई SOV मध्ये पहिलो हो। यो जहाज तीनवटा डिजेल मुख्य जेनेरेटर सेट र उच्च क्षमताको लिथियम-आयन ब्याट्रीहरूको संयोजनबाट संचालित हुनेछ।

****** ० ******

**बोलिभियामा वर्षा**

नोभेम्बरदेखि बोलिभियामा वर्षाका कारण ३७ जनाको मृत्यु भइसकेको छ। नागरिक सुरक्षा उपमन्त्री जुआन कार्लोस कैल्विमोंटेसले भन्नुभयो, भारी वर्षाका कारण कोचाबाम्बाको केन्द्रीय विभागमा कम्तीमा १६ जनाको मृत्यु भएको छ। वर्षाका कारण करिब ३७९ घरहरू ध्वस्त भएका छन्। अधिकारीहरूले धेरै विभागहरूको लागि मौसम सतर्कताहरू जारी गरेका छन्, राष्ट्रिय मौसम तथा जल सेवाले अप्रिलसम्म वर्षा जारी रहने सम्भावना रहेको बताएको छ। राष्ट्रिय मौसम विज्ञान सेवाले खराब मौसम जारी रहने चेतावनी दिएको छ र थप बाढीको सम्भावना व्यक्त गरेको छ।

****** ० ******

**ट्रम्प-युक्रेन**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भोलि ह्वाइट हाउसको भ्रमण गर्ने र आफ्नो देशको बहुमूल्य खनिज पदार्थमाथि अमेरिकाको अधिकार दिने सम्झौतामा हस्ताक्षर गर्ने घोषणा गर्नु भएको छ। यसबाहेक, रुस-युक्रेन द्वन्द्वमा पनि सम्झौता हुनेछ। हिजो ह्वाइट हाउसमा भएको आफ्नो मन्त्रिपरिषद्को पहिलो बैठकमा राष्ट्रपति ट्रम्पले मानिसहरूको हत्या रोक्न रुस र युक्रेनसँग सम्झौता गर्न लागेको बताउनु भयो। उहाँले युक्रेनलाई सहयोग गर्न अमेरिकाले युरोपभन्दा बढी खर्च गरेको पनि बताउनु भयो। राष्ट्रपति ट्रम्पले राष्ट्रपति जेलेन्स्की र रुसी राष्ट्रपति पुटिनसँग कुरा गर्नु भयो।

****** ० ******

**च्याम्पियन्स ट्रफी**

क्रिकेटमा आईसीसी च्याम्पियन्स ट्रफी अन्तर्गत लाहोरको गद्दाफी रंगशालामा भएको महत्वपूर्ण खेलमा अफगानिस्तानले इङ्ल्यान्डलाई ८ रनले पराजित गरेको छ। यो हारसँगै इङ्ग्ल्याण्ड प्रतियोगिताबाट बाहिरिएको छ। ३२६ रनको लक्ष्य पछयाउँदै इंग्ल्याण्ड ४९ ओभरमा ३१७ रनमा अलआउट भयो। इङ्ल्यान्डका लागि जो रुटले १११ बलमा १२० रन बनाए। अफगानिस्तानका लागि अज्मतुल्लाह उमरजाईले ५ विकेट लिए।यसअघि, अफगानिस्तानले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३२५ रन बनाएको थियो, जसमा ओपनर इब्राहिम जद्रानले १४६ बलमा १७७ रनको व्यक्तिगत स्कोर बनाएका थिए जुन आईसीसी च्याम्पियन्स ट्रफीको इतिहासमा सर्वाधिक व्यक्तिगत स्कोर हो।

****** ० ******

****** ० ******